प्यूठान नगरपालिकाको आठौं नगर सभामा प्रस्तुत

आर्थिक वर्ष २०७७/७८ को

# बजेट तथा कार्यक्रम

प्यूठान नगरपालिका

२०७७

**प्युठान नगरपालिकाको सम्मानित गरिमामय नगर-सभाका अध्यक्ष महोदय,**
**नगर-सभाका सदस्यज्यूहरु,**

कोरोना भाइरसको संक्रमणबाट फैलिएको कोभिड १९ रोगबाट सिर्जित प्रतिकूल परिस्थितिमा यस गरिमामय नगरसभामा आर्थिक वर्ष २०७७/७८ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु । कार्यक्रम प्रस्तुत गरिरहँदा म संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली स्थापनासम्मका क्रान्ति तथा संघर्षहरूमा आफ्नो अमूल्य जीवन बलिदान गर्नुहुने महान् शहिदहरुलाई स्मरण गर्न चाहन्छु ।

कोभिड १९ संक्रमितहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु । कोभिड १९ को कारणले गर्नुपरेको बन्दाबन्दी, सामाजिक दुरी कायम गर्नुपर्ने वाध्यात्मक अवस्था लगायतका प्रतिकूलताका बीच धैर्यताका साथ कोरोना भाइरस नियन्त्रण अभियानमा साथ दिनु भएकोमा नगरपालिकाको तर्फबाट म नगरवासी सम्पूर्ण दिदीबहिनी दाजुभाइको उच्च प्रशंसा गर्दछु । कोभिड १९ नियन्त्रण तथा उपचारमा अहोरात्र खट्नुहुने चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, जनप्रतिनिधि एवम् सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, पत्रकार, पेशा व्यवसायी लगायत सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु । जतिबेला हामी समृद्ध नगर खुशी नगरवासीको सोच हासिल गर्ने अवस्थामा पुग्न अहोरात्र खटिइरहेका थियौं, ठीक त्यति नै बेला विश्वव्यापी रुपमा फैलिन गएको कोभिड १९ को महामारीले हाम्रो मार्ग अबरुद्ध गर्‍यो । नगरको विकासको लागि हामीले बनाएका हाम्रा प्राथमिकताहरू अकस्मात फेरिन पुगे । यतिबेला हामीले यो महामारीबाट नगरवासी दिदीबहिनी दाजुभाइको जीवन रक्षा गर्नुलाई नै आफ्नो पहिलो कर्तव्य ठान्यौं । जीवन रहे जीवन सुधार्न र सिंगार्न सकिन्छ भन्ने मान्यतालाई आत्मसात गर्दै महामारी विरूद्धको अभियानमा उपलब्ध सबै साधन स्रोतको परिचालन गरिरहेका छौं । महामारीका विरूद्धको संघर्षकै बीचमा पनि नगरवासीको जीवनको सहजताका लागि अधिकतम कोशिस गरिरहेका छौं ।

कोभिड १९ को कारण देशकै अर्थतन्त्रको जग हल्लिएको छ । यसबाट हामी पनि गम्भीर रूपमा प्रभावित भएका छौ । हामीले विगतमा उठ्ने भनेर आकलन गरेको राजश्व प्रभावित भएको छ । व्यापार व्यवसाय तथा लगानीमा भारी गिरावट आएको छ । रोजगारीका अवसरहरू गुम्दै गएका छन् । वैदेशिक रोजगारीमा गएका दिदीबहिनी दाजुभाइको फर्कने चाप बढेसँगै गाउघरमै रोजगारीका थप अवसरहरू सिर्जना गर्नुपर्ने वाध्यात्मक परिस्थिति निर्माण भएको छ । यतिबेला नगरवासी सबै राहत र पुनर्स्थापनाको पर्खाइमा छन् । राज्यको आयस्रोतमा भएको तीव्र गिरावटले गर्दा संघ र प्रदेशबाट प्राप्त हुने वित्तीय सहयोग खुम्चिएको छ । तर पनि जनताको नजिकको सरकार भएको नाताले अभिभावकत्व र संरक्षकत्व प्रदान गर्नुपर्ने जिम्मेवारीमा हामीमा छ । यी यस्ता यावत प्रतिकूलता र चुनौतीका बाबजूद वित्तीय अनुशासन कायम गर्दै समष्टिगत आर्थिक स्थायित्व कायम राख्न मद्दत गर्नेगरी स्वास्थ्य सेवा लगायतका अत्यावश्यक सेवा प्रवाहको सुनिश्चितताका साथै मानिस र अर्थतन्त्रको जीवन पुनर्स्थापित गर्नुपर्ने भएको छ । त्यसका लागि उपलब्ध साधन र स्रोतको सवल परिचालन गर्नेगरी निती र कार्यक्रम तय गर्नुको विकल्प हामीसँग छैन ।

संविधानले परिकल्पना गरेअनुसार आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्दै समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने एवम् समानुपातिक समावेशी सहभागिता र सामाजिक न्यायको प्रत्याभूति हुने गरी लोककल्याणकारी राज्यव्यवस्था स्थापना गर्ने कर्तव्य प्रति हामी सजक छौ । संघ र प्रदेश सरकारको सहकार्यमा कोभिड १९ महामारीको नियन्त्रण र रोकथामको कामलाई उच्च प्राथमिकता दिंदै सकेसम्म छिटो स्थितिलाई सहज बनाउँदै लैजानेमा हाम्रो ध्यान केन्द्रीत हुनुपर्छ । साथै सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहकार्यमा उपलब्ध साधन स्रोतको अधिकतम परिचालन गरी तीव्र आर्थिक वृद्धिका माध्यमबाट समृद्धि हासिल गर्ने हाम्रो प्रतिबद्धतालाई पुनर्स्थापित गरिने छ ।

यती बेला बन्दाबन्दीका कारण कृषि, उद्योग, पर्यटन, निर्माण सबैतिर प्रत्यक्ष असर पुग्न गएको छ । हाम्रो आम्दानी घट्ने तर खर्चको चाप भने झन् बढिरहेको विषम परिस्थितिमा हामी छौं । यस विषम अवस्थाबाट जोगिन आवश्यक सतर्कताका साथ बाहिरबाट आएका जनतालाई रोजगारी सृजना गर्दै उत्पादन कार्यलाई अघि वढाउने प्रयासमा हामी छौं ।

हाम्रो साधन, श्रोत र जनशक्ति अभाव एवम् भौतिक पूर्वाधारहरूको कमी छँदैछ । यसबीचमा आधारभूत संरचना तयार भएपनि कार्यान्वयन गर्ने संगठनहरूको संस्थागत क्षमता वृद्धि गर्नुपर्ने आवश्यकता छ । बजेट विनियोजनमा कुशलताका साथसाथै खर्च गर्ने क्षमतामा सुधार गर्नुपर्ने टड्कारो आवश्यकता छ । त्यसमाथि कोभिड १९ बाट सिर्जित थप आर्थिक सामाजिक चुनौतीहरुको सम्वोधन गर्नुपर्ने वाध्यात्मक परिस्थिति हाम्रा सामु छ । अप्ठ्यारोबाट भाग्ने होइन, त्यो सँग जुध्ने, समाजलाई अरू बढी बलियो र गतिशील बनाउने प्रयासबाट नै हामीले संकटलाई अवसरमा बदल्न सक्छौँ । आन्तरिक उत्पादनका माध्यमबाट आयश्रोत बढाउने अवसर पनि यस संकटले हामीलाई प्रदान गरेको छ । यही आशा र विश्वासको जगमा उभिएर यो बजेट निर्माण गरिएको छ ।

नगरपालिकाले कोभिड १९ को फैलावटले उत्पन्न हुन गएको प्रतिकूल परिस्थितिलाई अर्थतन्त्रमा संरचनागत परिवर्तन ल्याउने अवसरको रूपमा बदल्न प्रतिबद्ध छ । संघ र प्रदेश सरकारको नीति र बजेटसँग तादात्म्यता मिलाउँदै, आयात प्रतिस्थापन गर्दै र परनिर्भरता घटाउँदै आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नेतर्फ बजेट र कार्यक्रम केन्द्रित गरिनेछ । कामको खोजीमा विदेशिनु पर्ने अवस्थाको अन्त्य गर्नुका साथै कृषि, उद्योग, निर्माण, खानी, पर्यटन लगायतका क्षेत्रमा गाउँघरमै रोजगारी र स्वरोजगारीका अवसर जुटाइनेछ । सूचना प्रविधिको प्रयोग र नयाँ प्रविधिको उपयोग गरी उत्पादन लागत घटाउने, बाँझो जमिनलाई हराभरा गर्ने, कम्तीमा पनि दैनिक जीवनमा आवश्यक पर्ने आधारभूत आवश्यकताका वस्तुहरू स्थानीय स्तरमै उत्पादन गर्न सक्ने, स्थानीय स्तरमै आधारभूत स्वास्थ्य सेवा सुलभ बनाउने, गुणस्तरीय शिक्षा, सरसफाई, खानेपानी र सिंचाई सुविधामा वृद्धि गरी समाज र अर्थतन्त्रका टुट्न लागेका कडीलाई जोडिने छ । कोभिड १९ ले सिर्जित चुनौतीको सामना गर्नेगरी उत्पादन, उपभोग, बसाइसराइ र बसोबास संस्कृतिलाई अनुकूल बनाउँदै प्रतिकुल अवस्थामा पनि मजबूत बन्ने सामर्थ्यको विकासमा जोड दिइनेछ ।

अध्यक्ष महोदय,

अब म कोभिड १९ नियन्त्रण र उपचारको सम्बन्धमा नगरपालिकाले अहिले सम्म गरेका प्रयासको बारेमा संक्षेपमा चर्चा गर्न चाहन्छु ।

१. नेपाल सरकारले मिति २०७६।१२।११ देखि लागु हुने गरि घोषणा गरेको बन्दाबन्दी देखि नै कोभिड १९ नियन्त्रण तथा रोकथामका लागि ब्यबस्थापन समिति (CMC)गठन गरी मेला महोत्सव जस्ता भिडभाडजन्य गतिविधिमा रोक लगाउने, बन्दाबन्दी पालनका लागि नगरबासीलाई सचेत गराउने र सरोकारवाला निकायसंग समन्वय गरी सम्बन्धित नाकाहरुमा निगरानी बढाउने काम गरीएको थियो ।
२. राजधानीलगायत देशका विभिन्न भागबाट भित्रिने नगरबासी र पछिल्लो समयमा भारतबाट आउने नगरवासीहरूको व्यवस्थापन र सहजीकरणको जिम्मेवारी बहन गर्नुपर्ने अवस्था सृजना भयो । बाहिरबाट आउनेहरुका लागि यातायतको ब्यबस्था, क्वारेन्टाइनको निर्माण, ब्यबस्थापन र बन्दाबन्दीमा चुलो बल्न कठिन नगरबासीहरुका लागि राहत बितरण गर्दा नगरपालिकाको ठुलो धनराशि खर्चिनु पर्ने बाध्यात्मक अबस्था सृजना भयो ।

३. विश्व स्वास्थ्य संगठनको प्रोटोकल र नेपाल सरकार स्वास्थ्य मन्त्रालयको गाइडलाइनलाई नगरपालिकामा रचनात्मक रूपमा कार्यान्वयनमा ल्याइएको छ । कोरोना भाइरस परीक्षणको लागि आबश्यक पहल गरिएको छ ।
४. हामीले जिल्ला र अन्य स्थानीय तहहरुसंग समन्वय गरिरहेका छौ । वडा स्तरमा भइरहेको क्वारेन्टाइनको व्यवस्थापन र राहतको कामलाई व्यवस्थित बनाउनका लागि सबै वडालाई रू. २ लाख प्रदान गरिएको छ ।
५. जिल्ला बिपत ब्यबस्थापन समितिलाई रु १ लाख र आइसोलेसन वार्ड निर्माणका लागि रु पाँचलाख उपलब्ध गराउने निर्णय गरिएको छ ।
६. नगरपालिकाले कोभिड १९ नियन्त्रण तथा उपचार कोष स्थापना गरी नगरपालिकाको तर्फबाट कोषमा रू. ८० लाख ८७ हजार, प्रदेश सरकारबाट रु १५ लाख र अन्य संघसस्था कर्मचारी, शिक्षक तथा दाताहरुबाट रु १२ लाख २ हजार ५सय १६ जम्मा भएको छ । साथै ४ लाख ५३ हजार रकम बरावरको जिन्सी सहयोग प्राप्त भएको छ ।
७. सर्वसाधारण नागरिक र विभिन्न संघसंस्थाबाट सहयोग प्राप्त हुने क्रम जारी छ ।
८. कोभिड १९ कोषबाट क्वारेन्टाइन निर्माण ब्यबस्थापन तथा राहत बितरणमा जेष्ठ मसान्त सम्ममा रु ४३ लाख ८१ हजार ८ सय ८८ खर्च गरिएको यस सम्मानित सभालाई अवगत गराउन चाहन्छु ।
९. कोभिड १९ कोषमा रकम अभाव हुन नदिन चालु आर्थिक वर्षमा नगरपालिकाको तर्फबाट थप रकम जम्मा गरिनेछ ।
१०. कोभिड १९ कोषमा योगदान गर्ने सबैलाई धन्यवाद दिंदै थप सहयोगका लागि आह्वान गर्न चाहन्छु ।

अध्यक्ष महोदय,

अब म नगरपालिकाको चालु आर्थिक वर्षको बजेट कार्यान्वयन र आर्थिक स्थितिका बारेमा संक्षिप्त जानकारी गराउन चाहन्छु ।
१. चालु आर्थिक वर्षको बजेट कार्यान्वयन गरिरहँदा दोस्रो चौमासिकसम्म आइपुग्दा हामी उत्साहित नै थियौं । अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा चालु आर्थिक वर्षको दोस्रो चौमासिकसम्ममा हाम्रो बजेट कार्यान्वयन क्षमता दोब्बर मात्रामा बढिरहेको थियो । विकास निर्माण र ठेक्कापट्टाका कामले गति लिंदै थिए । वडाहरुमा गर्नुपर्ने कामहरु समय तालिका अनुसार नै संचालन भै आएका थिए । पहिलो चौमासिकको तुलनामा दोस्रो

चौमासिकको प्रगति अझै राम्रो देखिएको थियो । त्यसबाट वर्षको अन्त्यसम्ममा बजेट खर्चका दृष्टिकोणबाट लक्ष्यको नजिक पुग्ने बलियो आधार तयार भएको थियो । बजेट कार्यान्वयनमा तीव्रता आउँदै गरेका बेला अचानक कोभिड १९ को महामारीको सामना गर्नुपर्ने प्रतिकूल अवस्था उत्पन्न भई हाम्रा बिकास प्रयासहरू ठप्प हुन गए ।
२ समृद्ध नगर निर्माण गर्ने सोचका साथ नगर योजना अनुरूप योजनावद्ध विकासको थालनी गरिएको एक वर्ष पूरा भएको छ । हाम्रो लक्ष्यमा कोभिड १९ को कारण चालु आर्थिक वर्षमा हठात अवरोध आएको छ । आगामी केहि महिना देखि कोभिड १९ को प्रभावमा कमी आउने र जनजीवन क्रमशः सामान्य अवस्थामा फर्कन सक्ने आँकलन गरिएको छ । विदेशबाट आउनेहरूको सुरक्षित व्यवस्थापन गर्न सक्दा हाम्रो अनुमान सार्थक हुने अपेक्षा गरिएको छ । सोही अपेक्षा अनुरुप अहिले पनि संकटको सामना चालु आर्थिक वर्षमै गरी आगामी आर्थिक वर्षमा लक्ष्य हासिल गर्ने हाम्रो अर्जुनदृष्टि कायमै राखिएको छ ।
३ आगामी आर्थिक वर्षको लागि नेपाल सरकारबाट सशर्त आयोजना तथा कार्यक्रम कार्यान्वयनको लागि समानीकरण तर्फ रू. १२ करोड २८ लाख, राजश्व बाँडफाड अनुदानतर्फ रू. ९ करोड ३६ लाख ५६ हजार ९५० र विशेष अनुदानतर्फ रू. १ करोड ५० लाख र शसर्त अनुदान तर्फ रु २६ करोड ७४ लाख प्राप्त भएको छ । त्यसै गरी आगामी आर्थिक वर्षको लागि प्रदेश सरकारबाट समानिकरण ५४ लाख ४० हजार आयोजना तथा कार्यक्रम कार्यान्वयनको लागि राजश्व बाँडफाड अनुदानतर्फ रू.१ करोड ७ लाख ७७ हजार र शसर्त अनुदान तर्फ रु २ करोड ६८ लाख ५० हजार तथा बिषेश अनुदानबाट रु ७० लाख रकम प्राप्त हुने भएको छ । आन्तरिक श्रोत तर्फ २ करोड १९ लाख २६ हजार ५० तथा सामाजिक सुरक्षा तर्फ १२ करोड गरि नगरपालिकाको कूल बजेट रु ६९ करोड ८ लाख ५० हजार प्रस्ताव गरिएको छ ।
४ चालु आर्थिक वर्षको जेठ मसान्तसम्म यस नगरपालिकाको कूल खर्च विनियोजित बजेटको ५३.९९ प्रतिशत रहेको छ । जसमध्ये चालु खर्च ६६.६३ प्रतिशत र पुँजीगत खर्च ३३.२७ प्रतिशत रहेको छ ।

अध्यक्ष महोदय,
अब म आर्थिक विकासका सोच र उपलब्धि प्रस्तुत गर्न चाहन्छु ।
१. पहाड र मनोरम समथर फाँट भएको यस नगरपालिका हावापानी, जैविक, भौगोलिक र सामाजिक विविधता रहेको छ । विशिष्ट भौगोलिक परिस्थितिले विकास निर्माणमा केही जटिलता भएको कारण व्यवस्थापनमा उल्लेख्य चुनौतीहरू पनि हाम्रा सामु उपस्थित छन् । प्रतिकूलतालाई अनुकूलतामा वदल्ने हाम्रो प्रयास रहेको छ ।
२. कोभिड १९ ले मानव सभ्यताको आधुनिक विकासको मोडेलमा नै ठूलो धक्का दिँदै स्थिति तथा दिशा परिवर्तन गर्न बिवश पारेको छ । तर वर्षौंदेखि जे गरियो त्यही गर्नुपर्छ र जसरी गरियो त्यसरी मात्रै गरिनुपर्छ भन्ने मनोविज्ञान हाम्रा काम गर्ने सोच र कार्यशैलीमा व्याप्त छ । परिवर्तनका संवाहक प्रबुद्ध वर्ग, राजनैतिक नेतृत्व, जनप्रतिनिधि तथा कर्मचारीतन्त्रमा व्याप्त यस्तो मनोविज्ञान एकखालको रूढिवाद नै हो । त्यसमा यतिबेला व्यापक परिवर्तनको खाँचो छ र अहिले सुधारको अवसर समेत प्राप्त भएको छ ।

३. सहकारी तथा निजी कम्पनीहरूले तुलनात्मक लाभका कृषि उपजहरूको अन्तर स्थानिय तह व्यापार गर्ने अवसर सिर्जना गर्नका लागि छिमेकी जिल्लासँग अन्तर जिल्ला कृषि व्यापार समझदारीको बलियो सम्भावना हाम्रा सामु छ ।
४. नगरपालिकामा रहेको सिंचित फाँटको उचित व्यवस्थापन गर्दै कृषि उत्पादनबाट यथेष्ट लाभ लिने र कोभिड १९ को कारण राजश्वका स्रोतहरू खुम्चिएको बेलामा कृषि तथा व्यबसायका क्षेत्रलाई नगरको आयको एक महत्वपूर्ण स्रोतको रूपमा विकास गर्न सक्ने संभावनाहरू पहिचान गरिएको छ ।
५. यो नगरपालिका प्यूठान जिल्लाको केन्द्र बिन्दुमा त छ नै त्रिदेशीय मार्ग, जिबराज आश्रीत, कृष्णसेन इच्छुक मार्ग र मदनभण्डारी मार्ग सम्पन्न भएमा यस नगर महत्वपुर्ण हव तथा ट्रान्जीटको रुपमा बिकसित हुने सम्भावना देखिन्छ ।
६. नगरको आर्थिक तथा सामाजिक विकासको अवधारणालाई मूर्त रूपले व्यवस्थित गर्न नगरका ४ स्थानलाई शीर्षविन्दु घोषणा गरिएको छ । वडा नं २ र ३, बडा नं ७ र जुम्रीकाँडामा व्यवस्थित बस्ती बिकासलाई आत्मसात गरी एकीकृत गुरूयोजना अनुरूप विकास गर्नुपर्ने छ ।
७. ऐतिहासिक, धार्मिक तथा प्राकृतिक सम्पदा भित्रीकोटलाई मुख्य गन्तब्य बनाई आसपासका कोट, देबस्थल, मठ मन्दीर र बाइसधारालाई संगै बिकास गर्ने र गन्तब्य भित्रिकोटलाई अघि सारिएको छ ।
८. उद्योगी व्यवसायीहरूको अपेक्षाको तत्काल सम्बोधन गर्दै उत्पादन वृद्धि, रोजगारी सिर्जना र आयात प्रतिस्थापनमा जोड दिनुपर्ने भएको छ । झिमरुक फाँट संरक्षणमा जोड दिइनेछ । उद्योग, व्यापार, कृषि, रोजगारी, यातायात, होटेल तथा सेवा क्षेत्र तथा जनजीविका जोडिने गरी विकास गर्नुपर्ने हुन्छ । निजी क्षेत्रलाई पनि बेलैमा यो अभूतपूर्व संभावनालाई आँकलन गरी अघि बढ्नका लागि हार्दिक आह्वान गर्दछु ।
९. कोभिड १९ का कारण वैदेशिक रोजगारीबाट फर्कने ठूलो संख्याको जनशक्तिलाई कसरी परिचालन गर्न सकिन्छ भन्नेमा गम्भीर हुँदै बजेट निर्माणको आधारको रूपमा उपयोग गरिएको छ ।

अध्यक्ष महोदय,

अब म गरिमामय सभासमक्ष आर्थिक वर्ष २०७७।०७८ को बजेटको उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्न चाहन्छु ।

**प्रस्तुत बजेटका उद्देश्यहरू निम्नानुसार रहेका छन् ।**

क) स्वास्थ्य क्षेत्रका पूर्वाधार, जनशक्ति र क्षमता बिस्तार गरी स्वास्थ्य सेवामा आम जनताको पहुँच बढाउने ।
ख) कोभिड १९ बाट सिर्जित बन्दाबन्दीलाई चलायमान र गतिशील बनाउँदै उत्पादनमा वृद्धि हासिल गर्ने ।
ग) उत्पादन र रोजगारीका थप अवसर सिर्जना गर्दै नगरलाई क्रमश आत्मनिर्भर बनाउने ।
घ) बजेट कार्यान्वयनमा सुधार र सुशासन प्रत्याभूत गर्ने ।

यस बजेटका **प्राथमिकताहरू** देहाय बमोजिम रहेका छन् ।

क) स्वास्थ्य क्षेत्रको स्तरोन्नति र बिस्तार गरी स्वास्थ्य सेवामा आम नागरिकको पहुँच वृद्धि गर्ने । शिक्षा लगायत सामाजिक क्षेत्रको विकास र बिस्तार  गर्ने ।

ख) कृषि क्षेत्रमा उत्पादनका साधनमा सरल पहुँच र नविनतम प्रविधिको उपयोग बढाउँदै युवापुस्तालाई आकर्षित गर्ने र कृषिलाई आत्मनिर्भर अर्थतन्त्रको आधारशीलाको रूपमा विकास गर्ने ।

ग) कृषि, उद्योग, पर्यटन, श्रममूलक सार्वजनिक निर्माण, लघु, घरेलु तथा साना उद्यमको प्रवर्धन गर्दै रोजगारी एवम् स्वरोजगारीको थप अवसर निर्माण गर्ने । दक्षता अभिवृद्धिका माध्यमद्वारा देशभित्र प्रयोग भएको विदेशी श्रमलाई विस्थापन गर्ने र वैदेशिक रोजगारीबाट फर्केका नागरिकलाई नगर भित्रै रोजगारीको अवसर सिर्जना गर्ने ।

घ) आर्थिक, सामाजिक क्षेत्रको समग्र विकासमा टेवा पुग्नेगरी दिगो पूर्वाधार विकासमा जोड दिने ।

ङ) छिट्टै आर्थिक प्रतिफल हासिल हुने क्षेत्रमा व्यावसायिक लगानी र साझेदारी गर्ने ।

च) सार्वजनिक खर्चलाई मितव्ययी एवम् नतिजामुखी बनाउने । अनुत्पादक क्षेत्रमा खर्च कटौती गर्ने ।

अध्यक्ष महोदय,

अव म आर्थिक वर्ष २०७७।०७८ को व्ययको अनुमान प्रस्तुत गर्दछु ।

१ स्थानीय तहसँगको समन्वय, सहकार्य र वित्तीय हस्तान्तरण नेपाल सरकार र प्रदेश सरकारबाट नगरपालिकालाई प्राप्त हुने रकममा कमी आएको भएता पनि जनताको नजिकको सरकारलाई स्रोत साधन सम्पन्न बनाउन प्राप्त बजेटबाट वडाको आवस्यकता वडाबाट पहिचान हुने उद्देस्यका साथ वडाहरूलाई उपलब्ध गराइने बजेट सिमा रकममा बिषयगत क्षेत्रको बजेट समेत  समाबेश गरी सन्तुलित बिकासको अबधारणा अघि सारीएको छ । सो का लागि आगामी आर्थिक वर्ष २०७६।७८ मा रु ७ करोड ३ लाख ९९ हजार बिनियोजन गरीएको छ ।

२ आर्थिक वर्ष २०७६।०७७ को दायित्व परिपुर्तिका लागि रु २ करोड ४० लाख बजेट विनियोजन गरेको छु ।

३ संकटको कारण अधुरा रहन गएका योजनाहरुलाई मनन गरी ती योजनाहरुमा  बजेट प्रस्ताव  गरीएको छ ।

४ विशेष अनुदानबाट चालु आर्थिक वर्षमा संचालित जुम्रीकाँडा खानेपानी तथा सरसफाइ योजनामा आगामी आ.ब. मा रु १ करोड ५० लाख बिनियोजन गरिएको छ ।

५ समपुरक तर्फका योजनाहरु – बिसमुरे खानेपानी तथा सरसफाई योजना,  मरण्ठानाकोट लिफ्ट खानेपानी तथा सरसफाइ योजना र खरको छाना बिस्थापन कार्यक्रम गरी प्रदेश सरकारको रु २ करोड र नगरपालिकाको २ करोड गरी जम्मा रु ४ करोड बिनियोजन गरिएको छ ।

६ संघ तथा प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान अन्तर्गतका आयोजना तथा कार्यक्रमहरू नगरको प्राथमिकताको आधारमा छनोट गरी कार्यान्वयनमा लैजाने व्यवस्था मिलाएको छु ।

७ सशर्त तर्फका क्रमागत आयोजना तथा कार्यक्रम कार्यान्वयनमा बजेटको अभाव हुन नदिन थप स्रोत सुनिश्चितताको लागि आवश्यक पहल गरिनेछ ।
८. संघ सरकारबाट प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि प्राप्त शशर्त अनुदानबाट भौत्तिक विकासको साथै रोजगारी सिर्जना कार्यक्रमका लागि रु ६३ लाख विनियोजन गरीएको छ । साथै थप भौत्तिक बिकास तथा रोजगारीका लागि प्राथमिकता निर्धारण गरी २० वटा योजनाहरु प्रस्ताब गरिएको छ ।

अध्यक्ष महोदय,
अब म क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्ताव प्रस्तुत गर्न चाहन्छु ।

**स्वास्थ्य क्षेत्रको स्तरोन्नति र बिस्तार**

१ कोभिड १९ ले स्वास्थ्य पूर्वाधारको विकास र बिस्तार प्रति हामी सबैलाई गम्भीर बनाएको छ । गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य सेवामा आम नागरिकको पहुँच अभिवृद्धि गर्न रु ३ करोड ८५ लाख विनियोजन गरिएको छ । स्वास्थ्य चौकी तथा प्राथमिक स्वास्थ्य केन्द्रहरूलाई आधारभूत सेवा दिन सक्ने गरी यी संस्थाको पूर्वाधार निर्माण गरिनेछ ।
२ कोभिड १९ लगायतका सरुवा तथा संक्रामक रोगको रोकथाम, नियन्त्रण र उपचार एवम् अन्य कार्यको लागि रु १ करोड ८० लाख विनियोजन गरिएको छ ।
३ मातृ तथा नवजात शिशुको जीवन रक्षा, प्रसुती सेवा बिस्तारका अतिरिक्त नवजात शिशुहरूको स्वास्थ्य परीक्षण जेष्ठ नागरिकहरुका लागि आखा उपचार र घरदैलो स्वास्थ्य परिक्षण कार्यक्रम प्रस्ताव गरेको छु ।
४ प्रदेश सरकारको ८४ वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकको घरघरमा उपलब्ध गराइँदै आएको स्वास्थ्य सेवालाई ६० बर्ष उमेर पार भएका जेष्ठ नागरीकलाई दिदै आएको सेवालाई निरन्तरता दिईएको छ ।
५ नसर्ने रोगहरूको रोकथाम तथा व्यवस्थापनको लागि प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्राथमिक स्वास्थ्य सेवा प्रवाह गरिनेछ । विपन्न समुदायका नागरिकलाई गरिने सिफारिसलाई निःशुल्क गर्ने कार्यक्मलाई निरन्तरता गरीएको छ । कडा रोग लागेकाहरुलाई न.पा. को सिफारिशमा रु. १ लाख सम्म उपचार खर्च उपलब्ध गराइने ब्यबस्थालाई निरन्तरता दिइएको छ ।
६ स्वास्थ्य संस्थाहरूबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न र नगरपालिकाको मातहतमा रहेका स्वास्थ्य संस्थाहरूलाई समयानुकुल बनाउन न्यूनतम सेवा मापदण्ड तथा राष्ट्रिय चिकित्सा मापदण्डका आधारमा प्रादेशिक मापदण्ड तयार गरी सबै स्वास्थ्य संस्थाहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्वास्थ्य संस्थाहरूको पुनर्संरचना गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

**शिक्षा, खेलकुद एवम् युवा परिचालन**

७ लागत सहभागितामा सार्वजनिक विद्यालयमा शौचालय निर्माण एवम् खानेपानी तथा सरसफाइ सुविधा बिस्तारका लागि र सार्वजनिक विद्यालयहरू विपद्को बेलाका जन आश्रयस्थल बन्ने गरेको यथार्थतालाई मनन गरी पूर्वाधारमा सुधार गर्न बजेट ब्यबस्था गरीएको छ ।

८. स्थानीय तह, सामुदायिक स्वास्थ्य संस्था, निजी स्वास्थ्य संस्था तथा गैरसरकारी संस्थाको सह-लगानीमा विद्यालयमा परिचारिका कार्यक्रमको बिस्तारका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

९ खेलकूद बिकासका लागि आवश्यक बजेट बिनियोजन गरिएको छ ।

१० सम्पुर्ण शैक्षिक क्रियाकलाप एबं सामुदायिक विद्यालयहरूलाई आकर्षक शैक्षिक संस्थाको रुपमा विकास गर्नका लागि रु २३ करोड ३७ लाख विनियोजन गरिएको छ ।

**रोजगार तथा सिप विकास र सामाजिक स-शक्तीकरण**

११ नगरभित्र रहेका असहाय वर्गको संरक्षण, महिला, बालबालिका, एकल महिला, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक र अति विपन्नहरूको सामाजिक सुरक्षा र संरक्षणका लागि लक्षित कार्यक्रमहरू सञ्चालन गर्न र ज्येष्ठ नागरिक र अपांगता भएका व्यक्तिहरूको संरक्षणका लागि कार्यक्रमलाई निरन्तरता दिन रू. ३८ लाख विनियोजन गरिएको छ ।

१२ सार्वजनिक-निजी साझेदारीमा कार्य गर्ने गरी रु १० लाख विनियोजन गरिएको छ ।

**कृषि, भूमि व्यवस्था र सहकारी**

१३ कोभिड १९ को कारण सिर्जित प्रतिकूल अवस्थालाई अवसरका रूपमा लिई रोजगारी गुमाएका नागरिकको जीविकोपार्जन सुधार गर्न कृषि उपजहरूको उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य सुरक्षा र आत्मनिर्भरता अभिवृद्धि गर्नेगरी वडा तहमा समुदायको सहकार्य र साझेदारीलाई प्रोत्साहन गरिनेछ ।

१४ स्वदेशी श्रम, स्वदेशमै पसिनाको नीति अनुसार हात-हातमा कृषि सामग्री र गाउँ गाउँमा रोजगारी अभियान सञ्चालन गरिनेछ । यस अन्तर्गत प्राविधिक सेवा प्रवाह, उत्पादन सामग्रीहरूको उपलब्धता र यान्त्रिकिकरण लगायत कोभिड विशेष कृषि कार्यक्रमका लागि रू. १ करोड १९ लाख विनियोजन गरिएको छ ।

१५ खेतबारीलाई कृषि प्रसार, अनुसन्धान र शिक्षाको व्यवहारिक थलोको रुपमा जोड्दै कृषक घरधुरीको आय आर्जनमा वृद्धि हुने आधार तय गरेको स्मार्ट कृषि गाउँ कार्यक्रमलाई वडा नं ९ र १० मा संचालन गर्ने गरी प्रदेशमा प्रस्ताव गरिएको छ ।

१६ कोभिड १९ को असहज परिस्थितिमा स्थानीय स्तरमा रहेका उत्पादन मूलक कृषि भूमिको समूचित प्रयोग गरी उपलब्ध श्रम शक्तिलाई कृषि तथा पशुजन्य फर्म तथा निजी कम्पनीहरूमा रोजगारी प्रवर्धन गरी कृषि श्रमलाई दिगो एवम् सम्मानित पेशाका रुपमा विकास गर्न र कृषिकर्मी तथा कृषि श्रमिकहरूलाई उद्यमी बनाउन पशुसेवा तर्फ रू. ८८ लाख विनियोजन गरिएको छ ।

१७ कृषकले उत्पादन गरेको दुध, माछा, मासु, तरकारी, फलफुल र खाद्यान्न तथा तरकारी बीउको संस्थागत बिक्री परिमाणका आधारमा प्रतिफलमा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने छ ।

१८ व्यावसायिक कृषि तथा पशुपंक्षी उत्पादन कार्यलाई प्रोत्साहन गरी दुध, मासु, तरकारी र फलफूलमा आत्मनिर्भर हुने लक्ष्य अनुसार कार्य गर्न सशर्त तर्फ बजेट बिनियोजन गरिएको छ ।

१९ सामूहिक वा सहकारीका माध्यमबाट जग्गा चक्लाबन्दी गरी व्यावसायिक खेती कार्यलाई प्रोत्साहन गरिनेछ । सहकारी तथा निजी क्षेत्रसँगको सहकार्यमा उत्पादनशील क्षेत्रको निजी

तथा सरकारी बाँझो जग्गाको समुचित प्रयोग गरी चक्लाबन्दी सहितको नमूना कृषि फर्म स्थापना कार्यक्रमका लागि प्रदेशसंग समन्वय गरी कार्यक्रम संचालन गरीने छ । माटो परिक्षण प्रयोगशालाको लागि बजेट विनियोजन गरिएको छ ।

२० भविष्यमा आउनसक्ने कृषि तथा पशुपंक्षीजन्य रोग, कीरा र महामारी नियन्त्रण गर्न आकष्मिक सेवाका कार्यक्रम सञ्चालन गर्न बजेट छुट्टयाइएको छ ।

२१ कृषि मूल्यश्रृङ्खला विकास गर्दै कृषकलाई बजारको सुनिश्चितता गराउने उद्देश्यका साथ बजार पूर्वाधार विकासका कार्यक्रमहरु सञ्चालन गर्न बजेट विनियोजन गरिएको छ ।

२२ संघ र प्रदेश सरकारको सहकार्यमा नर्सरी स्थापना तथा सुदृढीकरण कार्यक्रम सञ्चालन गरिनेछ । फलफूलका बिरुवा रोपण अभियान कार्यक्रमका लागि प्राविधिक सहयोग सहित बिरुवा उपलब्धताका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

२३ सिंचाइ सुविधा पुगेका क्षेत्रहरूमा ३ बाली प्रणाली विकास गरी बाली सघनता र उत्पादकत्व वृद्धि ल्याउन सिंचाइका लागि रु २० लाख बजेट विनियोजन गरिएको छ ।

## उद्योग, वाणिज्य र आपूर्ति

२४ स्वदेशी कच्चा पदार्थ र स्वदेशी श्रम प्रयोग हुने उद्योगहरूको स्थापना र विकासमा जोड दिइनेछ । लघु, घरेलु तथा साना उद्योग विकासका लागि कार्यक्रम संचालनका लागि संघ सरकारबाट शशर्त अनुदान तर्फ रु २९ लाख विनियोजन गरीएको छ ।

२५ महिला, दलित तथा सीमान्तकृत वर्ग र समुदायहरू लक्षित सिप विकास तालिमहरू सञ्चालन गर्न तथा दलित समुदायले परम्परा देखि अँगाल्दै आएको परम्परागत शिल्प व्यवसायको संरक्षण प्रर्वद्धन गर्ने कार्यक्रमलाई बजेट विनियोजन गरिएको छ ।

## वन तथा वातावरण

२६ जैविक विविधताको संरक्षण र संवर्धन गर्दै वन तथा बाताबरणका कार्यक्रम  सञ्चालन गरिनेछ । वन डढेलो नियन्त्रणका लागि सामुदायिक वन, साझेदारी वन, कबुलियती वन लगायत उपभोक्ता समुह र निजी क्षेत्रसँगको सहकार्यलाई प्रभावकारी बनाइने छ ।

२७ जडिवुटी तथा गैरकाष्ठ वनपैदावारको व्यवस्थापनका लागि टिमुर, तेजपात, चिउरी, लगायतका प्रजातिहरूको पकेट क्षेत्र विकास गरिनेछ । वन समुह तथा निजी क्षेत्रलाई जडिवुटी तथा गैरकाष्ठ वन पैदावारको खेती बिस्तारका लागि नर्सरी स्थापना गरिने छ । वन तथा वातावरणका लागि रु ५ लाख बजेट प्रस्ताव गरिएको छ ।

## भौतिक पूर्वाधार

२८ कोभिड १९ को कारण भएको बन्दाबन्दीका कारणले प्रभावित भएका चालु आर्थिक वर्षमा सम्झौता भएका आयोजनाहरू आगामी आर्थिक वर्षमा सम्पन्न गर्न आवश्यक पर्ने बजेटको व्यवस्था मिलाइएको छ ।

२९ रोजगारी सिर्जनाका लागि भौगर्भिक तथा वातावरणीय हिसाबले संवेदनशील देखिएका क्षेत्रमा श्रममा आधारित निर्माण पद्धति अवलम्वन गरी श्रम सघन आयोजना छनौट गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइएको छ ।

३० खुला दिसामुक्त नगर घोषणा भइसकेको परिप्रेक्ष्यमा दोस्रो चरणमा पूर्ण सरसफाइ उन्मुख नगर बनाउन सुरक्षित खाना, स्वच्छ पिउने पानी, हात धुने, चर्पीको सरसफाइ, घर आँगन तथा वातावरणको सरसफाइजस्ता कार्यक्रमहरू सामाजिक परिचालनको माध्यमबाट संचालन गरिनेछ जसबाट कोभिड १९ लगायतका संक्रामक रोगहरू नियन्त्रण तथा रोकथाम गर्न सघाउ पुग्ने विश्वास लिइएको छ ।

३१ निजी तथा सार्वजनिक भवन निर्माण गर्दा राष्ट्रिय भवन संहिताको प्रभावकारी कार्यान्वयन र नियमनलाई आधारमानी सम्पादन गर्ने व्यवस्था मिलाइनेछ ।

३२ आगामी आ.ब. २०७७।७८ मा सम्पुर्ण नगरबासीहरूलाई बिद्युत सेवा पुर्‍याउन आबश्यक पहल गरिने छ ।

३३ विद्युत वितरण प्रणालीको सुधारका लागि नगरभित्रका आवश्यक स्थानमा ट्रान्सफर्मर जडान तथा काठको पोल विस्थापनका लागि नेपाल विद्युत प्राधिकरणसँग सहकार्य गरिनेछ ।

३४ नगरको विकासमा क्षेत्रीय सन्तुलन कायम राख्न विकासको दृष्टिले पछाडि परेका क्षेत्रहरूलाई विशेष प्राथमिकता दिई सडक, सडक पुल, झोलुङ्गे पुल, सिंचाइ आयोजना, ऊर्जा, खानेपानी तथा सरसफाइ आयोजना र भवन, आवास तथा शहरी विकास आयोजनाहरूको प्रारम्भिक अध्ययन गर्ने र सो अध्ययनबाट सम्भाव्य देखिएका आयोजनाहरूको विस्तृत अध्ययन गरी क्रमश कार्यान्वयनमा लैजाने गरी आवश्यक बजेटको व्यवस्था मिलाइएको छ ।

३५ रेडक्रससँगको सहकार्यमा सबै वडाहरुमा विपद् प्रतिकार्य योजना निर्माण गर्न ३६ लाख ९९ हजार विनियोजन गरेको छु ।

३६ न्यायिक समितिको क्षमता विकास गर्न तथा न्याय निरुपणका लागि रु ६ लाख ५० हजार बिनियोजन गरेको छु ।

३७ कोभिड १९ को नियन्त्रण तथा उपचारमा अग्रपंक्तिमा खटिने चिकित्सक, स्वास्थ्यकर्मीहरूलाई क्वारेन्टाइन तथा आइसोलेसनमा खटे वापत प्रोत्साहन भत्ता उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

३८ नगरपालिकामा सेवामा कार्यरत सबै अस्थायी र करार कर्मचारीहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षाको दायरामा ल्याउन सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने व्यवस्था मिलाइनेछ ।

३९ राष्ट्रसेवक कर्मचारीहरूको मनोवल उच्च बनाई राख्न नेपाल सरकारले अवलम्बन गरेको नीति बमोजिमको सेवा, सुविधा उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

४० नागरिकका गुनासा र उजुरी संकलन गरी तिनको यथाशीघ्र सम्बोधन तथा व्यवस्थापन गर्न र नगरपालिकाको काम-कारवाही र गतिविधिबारे नागरिकलाई सु-सूचित गर्न टोल फ्रीको सेवालाई निरन्तरता दिएको छ ।

४१ नगरको सुशासन र समृद्धिका प्रयासलाई एकीकृत, चुस्त र जवाफदेही बनाउन संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय, सहकार्य र साझेदारीमा संस्थागत व्यवस्था गरी सेवा प्रवाह र कार्यसम्पादन स्तरलाई गुणस्तरीय बनाइनेछ । संघ, प्रदेश र स्थानीय तहको सेवा प्रवाह र विकास व्यवस्थापनमा प्रत्यक्ष संलग्न हुने जनप्रतिनिधि र कर्मचारीहरूको ज्ञान, सिप, क्षमता र दक्षता अभिवृद्धिका कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

**सूचना तथा संचार**

४२ सुशासनका लागि संचारको महत्व प्रति नगरपालिका सचेत छ । नगरपालिकाबाट सम्पादन भएका कार्यहरू आम नागरिक समक्ष पुऱ्याउन टेलिभिजन तथा रेडियो कार्यक्रम सञ्चालनका लागि रकम विनियोजन गरीएको छ । पत्रकार सम्वद्ध संस्थाहरूको सुदृढीकरणमा जोड दिनुका साथै नगर क्षेत्र भित्र क्रियाशिल उत्कृष्ट संचार माध्यम र संचारकर्मीलाई सम्मान गरिनेछ । बिषयगत शाखाहरुबाट प्रदान गरिने सूचनामुलक सामग्रीहरुलाई वैज्ञानिक ढंगवाट वितरण गरिनेछ ।

**डिजिटल नगर**

४३ नगरपालिकाको काम कारवाही तथा सेवालाई विद्युतीय माध्यमको प्रयोगबाट छिटो छरितो र पारदर्शी बनाउन सूचना प्रणाली सम्बन्धी सफ्टवेयरहरू तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

४४ सूचना प्रविधिमैत्री नगरपालिका निर्माणको कार्य अगाडि बढाउन आवश्यक दक्ष जनशक्तिको उत्पादन, रोजगारी सृजना, उद्योग तथा दक्ष कामदारहरूको डाटावेस तयार गर्ने कार्यका लागि आवश्यक ब्यबस्था गरिएको छ ।

**नगर सभाको सञ्चालन तथा सुदृढीकरण**

४५ नगरपालिकाका विषयगत समितिका माध्यमवाट अनुगमन कार्यलाई प्रभावकारी बनाई सुशासन प्रवर्धन गर्न बजेटको व्यवस्था मिलाइएको छ ।

४६ खर्चमा मितव्ययिता तथा बजेट कार्यान्वयनमा सुधार अनावश्यक खर्च कटौती गरी बजेट खर्चमा मितव्ययिता अपनाइने छ ।

अध्यक्ष महोदय,

आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न रू. ६९ करोड ८ लाख ५० हजार विनियोजन गरिएको छ । कूल विनियोजन मध्ये चालुतर्फ रू. ३९ करोड ८ लाख ३४ हजार अर्थात् ५५.५७ प्रतिशत, पूँजीगततर्फ रू. ३० करोड  १६ हजार अर्थात ४३.४३ प्रतिशत रहेको छ ।

आगामी आर्थिक वर्ष ०७७।७८ का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक श्रोतबाट रु २ करोड १९ लाख २६ हजार ५०, प्रदेश राजश्व र वित्तीय समानीकरणबाट रू. १ करोड ६२ लाख १७ हजार, संघको वित्तीय समानीकरण अनुदानबाट रू. १२ करोड २८ लाख, संघिय राजश्व बाँडफाड रु ९ करोड ३६ लाख ५६ हजार ९५० सशर्त अनुदानबाट रू. २६ करोड ७४ लाख, प्रदेश समपूरक अनुदानबाट रू. २ करोड,  संघीय विशेष अनुदानबाट रू. १ करोड ५० लाख प्रदेश शसर्त अनुदान तर्फ रु २ करोड ६८ लाख ५० हजार  र प्रदेश बिषेश अनुदानबाट रु ७० लाख रहने अनुमान गरेको छ । प्राथमिकतामा परेका सशर्त तर्फका आयोजनाहरू कार्यान्वयन गर्दै जाँदा स्रोत अपुग भएमा संघ र प्रदेश सरकारसँग अपुग स्रोतको माग गरिनेछ ।

अध्यक्ष महोदय,

यस बजेटबाट विगत तथा चालु आर्थिक वर्षमा शुरू गरिएका क्रमागत अधुरा आयोजनाहरू सम्पन्न हुने विश्वास लिएको छु ।  स्वास्थ्य पूर्वाधारमा सुधार आई सेवामा पहुँच वृद्धि हुने, कृषि, उद्योग, पर्यटन, सिंचाइ, खानेपानी, सडक तथा शिक्षा लगायतका सामाजिक क्षेत्रमा गरिएको लगानीबाट अर्थतन्त्रमा गतिशीलता आई समृद्ध नगर खुशी नगरबासीको सोंच हासिल गर्नमा सहयोग पुग्ने विश्वास लिएको छु ।

बजेट तर्जुमा गर्दा मार्गनिर्देशन गर्नुहुने नगर प्रमुख, बिषयगत समितिका पदाधिकारीहरु, राजनीतिक दलका नेताहरू र नगर सभाका  सदस्यहरूबाट प्राप्त सुझाव, सहयोग र मार्गदर्शनका लागि हार्दिक आभार प्रकट गर्दछु । विनियोजन ऐन २०७७ का सिद्धान्त र प्राथमिकतामा व्यापक छलफल गरी नगरसभाका सदस्यहरूले दिनुभएका सुझावका लागि म आभारी छु । त्यस्तै बजेट तर्जुमा गर्दा सुझाव दिनुहुने निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, राष्ट्रसेवक र सम्पूर्ण दिदीबहिनी दाजुभाइहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै, यो बजेट कार्यान्वयनमा सबै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेको छु ।

धन्यबाद
शान्ता आचार्य
नगर उप प्रमुख